DeKalb County School District (DCSD) का परिवारहरूलाई अभिवादन,

हामीले सामना गरिरहेका वर्तमान सामाजिक चुनौतीहरू जस्तो सुकै भए पनि तपाईंको आगामी हप्ता फलदायी होस्। हाम्रा कर्मचारी तथा परिवारहरूलाई ग्याँसको अभावले असर गरिरहेको छ। DCSD लाई यस कुराको बारेमा थाहा छ; त्यसकारण, विद्यालयका अधिकारीहरू समयमै निर्णय लिन सकियोस् भनेर परिस्थितिलाई सूक्ष्म निगरानी गरिरहेका छन्।

स्कूल डिस्ट्रिक्टले घरबाट काम गर्ने विकल्प तथा अनलाइन शिक्षणको विकल्प प्रयोग गर्छ कि भनेर सावधानीको उपायको रूपमा मात्र कर्मचारीहरूले दैनिक रूपमा आवश्यक श्रोतसाधन, सामाग्री, तथा सरसामान घरमा लैजानु पर्दछ। शैक्षिक वर्ष चाँडै अन्त्य हुन लागिरहेको छ। यस क्रममा, हामी हाम्रा विद्यार्थी, कर्मचारी तथा परिवारहरूलाई भर्चुअल रूपमा सहयोग गर्न तयार भइरहन चाहन्छौं। आफ्नो क्षेत्रको ग्याँसको उपलब्धताको बारेमा यहाँ गएर थाहा पाउनुहोस्।

**खुसीको खबर**

विद्यालय वर्ष अन्त्य गर्नै लाग्दा हाम्रा विद्यार्थी तथा कर्मचारीहरूले हामीलाई निरन्तर रूपमा गौरवान्वित महसुस गराइरहेका छन्।

म Rowland Elementary School लाई बधाई दिन चाहन्छु, यो विद्यालय Georgia United Foundation को School Crasher कार्यक्रमको अनुदान प्राप्त गर्ने 8 विद्यालय मध्ये एक विद्यालय बनेको छ। School Crashers कार्यक्रम फाउन्डेशनको सबैभन्दा ठूलो सामुदायिक सेवा कार्यक्रम हो जसले राज्य भरीका विद्यालयहरूलाई विद्यालयका स्थानहरूमा बदलाव ल्याउने सेवाका लागि आवेदन दिने अवसर प्रदान गर्छ।

School Crashers तथा Mohawk Carpet को अनुदानले Rowland मा भएको मिडिया सेन्टरलाई सुधार गर्न सहयोग गर्नेछ। सेन्टरमा नयाँ फ्लोरिङ लगाउने, पेन्ट गर्ने तथा आरामदायक र सजिलो सीट राखिनेछ। विद्यार्थीहरूको अध्ययन प्रतिको मोह बढाउने न्यानो, रङ्गीन र आकर्षक ठाउँ बने सँगै मिडिया सेन्टर विद्यालयको एउटा केन्द्र बन्नेछ। फेरि पनि Rowland का विद्यार्थी, शिक्षक तथा कर्मचारीहरलाई बधाई छ!

म हाम्रा एकजना विद्यार्थीले Amazon Future Engineer को छात्रवृत्ति पाएका छन् भनेर घोषणा गर्न पाउँदा उत्साहित छु। Cedar Grove High School का ग्रेड बाह्रका विद्यार्थी Etimfon Bassey ले चार वर्षे कार्यक्रमका लागि, $40,000 बराबरको छात्रवृत्ति प्राप्त गरेका छन् र साथै कलेजको पहिलो वर्ष सकिएपछि उनले Amazon मा इन्टर्नशिप गर्ने अवसर प्राप्त गर्ने छन्। यो उत्कृष्ट छात्रवृत्ति तथा Amazon को इन्टर्नशिप प्राप्त गरेकोमा Etimfon लाई बधाई छ!

म Arabia Mountain High School की ग्रेड बाह्रकी विद्यार्थी Niana Battle लाई पनि बधाई दिन चाहन्छु। उनले Atlanta Bar Association को ग्रीष्मकालीन कानुन इन्टर्नशिप कार्यक्रमको 25 वटा स्थान मध्ये एउटा स्थान सुरक्षित गरेकी छिन्। यो कार्यक्रमले कानुनी पेसाको बारेमा थप कुरा जान्न इच्छुक भएका Atlanta क्षेत्रका उच्च विद्यालयका विद्यार्थीहरूलाई ग्रीष्मकालीन अवसरहरू प्रदान गर्छ। बधाई छ Niana!

हाम्रा विद्यार्थी तथा कर्मचारीहरूको सपना साकार भएको देख्न पाउँदा हामी सधैँ खुसी हुन्छौं। Hightower Elementary School का हेड हेड कस्टोडियन श्री Tylan Bailey ले कलेजबाट शिक्षामा ग्राजुएट गर्ने आफ्नो लक्ष्य हासिल गरेर शारीरिक शिक्षाका शिक्षक भएका छन्, म यो कुरा देख्न पाउँदा खुसी छु। उहाँले Hightower School समुदायमा कस्टोडियनको भूमिकामा जुन योगदान दिनु भएको छ त्यसको कदर गर्छौं र हामीले आशा गरेका छौं उहाँले PE शिक्षकको रूपमा विद्यार्थीहरूमा सकारात्मक प्रभाव पारिराख्नु हुनेछ। श्री Bailey लाई बधाई छ!

सत्ताइसौं वार्षिक सञ्चारक पुरस्कार (27th Annual Communicator Awards) मा थप दुई पुरस्कार जितेकोमा हामी सञ्चार विभागलाई पनि बधाई दिन चाहन्छौं। सुपरिन्टेन्डेन्ट Superintendent Cheryl को 100 दिनको रिपोर्टको कामको लागि उत्कृष्ट कर्पोरेट सञ्चार पुरस्कार-वार्षिक रिपोर्ट को उपाधि जित्नुका साथै टोलीले महामारीको समयमा विद्यालय समुदायलाई सुरक्षित बस्न प्रेरित गर्न तयार गरिएको "Wave Them Bows" नामको म्युजिक भिडियो; र साथै प्रभावकारी सञ्चार सुनिश्चित गर्ने कर्मचारीको आन्तरिक सञ्चार उपकरण लागि दुईवटा विशिष्ट पुरस्कार जितेको छ।

सञ्चार सुधार गर्ने कुरा डिस्ट्रिक्टको प्राथमिकता भित्र पर्छ। हामी हाम्रो कडा मेहनतले सम्मान पाएकोमा र अन्य सम्मानित सङ्गठनहरू बीच सम्मानित भएकोमा आभारी छौं!

## सिनेट बिल 293

मे 13 मा, मैले सिनेट बिल 293 पारित भएको उपलक्ष्यमा आयोजना भएको कार्यक्रममा DeKalb County Schools का समिति अध्यक्ष Vickie B. Turner र City of Decatur Schools र DeKalb County का अधिकारीहरूसँग जोडिने अवसर प्राप्त गरे। यो बिल DeKalb County तथा City of Decatur का विद्यार्थी तथा परिवारहरूका लागि कोष जोगाउन धेरै वर्षको संवाद पछि पारित भएको हो। सिनेट बिल 293 पारित भएकोले, City of Decatur बाट कुनै पनि समयमा प्रशासनिक हस्तक्षेप भएको समयमा, DCSD ले विद्यार्थी सेवा सहयोग समिति बनाएर City Schools of Decatur सँग सहकार्य गरेर काम गर्नेछ। उक्त समितिमा DeKalb County Board of Education ले तोकेका तीनजना सदस्यहरू हुनेछन् र City Schools of Decatur Board of Education तोकेका तीनजना सदस्यहरू हुनेछन्।

हाम्रा विद्यार्थीहरूका लागि न्यायसङ्गत ढङ्गले श्रोतसाधनहरू वितरण गरिन्छ भन्नका लागि हामी मुख्य रूपमा वकालत गरिरहेका थियौँ र निर्णय लिइरहेका थियौँ र प्रशासनिक हस्तक्षेपले निःसन्देह रूपमा हाम्रा विद्यार्थीहरूलाई थप श्रोतसाधन प्रदान गर्ने हाम्रो क्षमतामा अत्यन्तै धेरै प्रभाव पार्नेछ। हाम्रा विद्यार्थीहरूको भविष्यका लागि यो कोष सुरक्षित गर्ने कुरामा नेतृत्व तथा प्रयासहरू गरेकोमा हामी DeKalb काउन्टी, Decatur सहर, र DeKalb काउन्टी हाउस तथा सिनेट प्रतिनिधिमण्डल बीचको सहकार्यताको प्रशंसा गर्दछौं।

## परिवारको टाउन हल बैठक

म हाम्रा सबै परिवारहरूलाई मे 20, बिहीबार, बेलुका 6 बजे देखि 7 बजेसम्म हाम्रो भर्चुअल टाउन हल बैठकमा जोडिनुहोस् भनी अनुरोध गर्न चाहन्छु। म हामीले डिस्ट्रिक्टमा गरेको प्रगतिको बारेमा सुनाउन र तपाईंका सुझावहरू सुन्न अत्यन्तै उत्साहित छु। थप जानकारीका लागि, यहाँ क्लिक गर्नुहोस्।

## स्थलगत दिन

गत हप्ता, Stoneview Elementary School को पुस्तकालय उद्घाटन कार्यक्रममा उत्कृष्टताका साथ दिन बित्यो । म State Farm का हाम्रा साझेदारहरूलाई अनुदानका लागि धन्यवाद दिन चाहन्छु, जसका कारण, सानो पुस्तकालय (Little Libraries) को खरिद सम्भव भएको छ । मैले आशा गरेकी छु कि यो परियोजनाले हाम्रो समुदायमा सकारात्मक सुधार ल्याउनेछ र विद्यार्थीहरूलाई पढ्न प्रेरित गर्नेछ ।

## ग्राजुएसन सेन्ट्रल

Graduation को समय आएको छ ! यो सप्ताह र अर्को सप्ताह ग्राजुएट गर्न लागेका सिनियर विद्यार्थीहरूको ग्राजुएसन समारोह हुनेछ । म यस कुराको बारेमा अत्यन्तै उत्साहित छु । कृपया ग्राजुएसन सम्बन्धी समाचार तथा अद्यावधिकहरूको बारेमा थप जानकारी हेर्न र समारोहको भिडियो हेर्न ग्राजुएसन सेन्ट्रल को हाम्रो वेबसाइटमा जानुहोस् । साथै, “We Are DCSD” पत्रिकाको प्रथम विद्यार्थी तथा दोस्रो विद्यार्थीसम्बन्धी विशेष संस्करण हेर्न यहाँ क्लिक गर्नुहोस् ।

## नर्सहरूको सम्मान

मे 12 का दिन, हामीले डिस्ट्रिक्टमा विद्यालय नर्स दिवस मनायौं । हामी हाम्रा विद्यार्थीहरूलाई स्वास्थ्य सेवा प्रदान गर्ने DCSD भरका विद्यालयका नर्सहरूलाई सम्मान र सराहना गर्छौं । हाम्रा विद्यार्थीहरू सुरक्षित तथा अध्ययनका लागि तयार हुन्छन् भनेर सुनिश्चित गरेकोमा तपाईंहरूलाई धन्यवाद दिन चाहन्छु ।

## सुपरिवेक्षकको सामुदायिक सुझाव परिषद्

गत वर्षको शैक्षिक वर्षमा, मैले Superintendent’s Community Advisory Council (SCAC) मा काम गरेका सामुदायिक नेतृत्वकर्ताहरूको समूहसँग काम गर्ने अवसर प्राप्त गरेको थिए । यो समूहले डिस्ट्रिक्टकको शैक्षिक, कार्यसञ्चालन, तथा आर्थिक अनुकूलता सम्बन्धमा सहायता, मार्गदर्शन, तथा नेतृत्व प्रदान गर्ने प्रतिबद्धता पूरा गर्न अथक रूपमा काम गरेको छ । विद्यालय वर्षको हाम्रो अन्तिम बैठक मे 11 मा आयोजना गरिएको थियो । यसले वास्तवमै सकारात्मक अनुभव प्रदान गरेको थियो । हामी यो समरमा सानो समूहको छलफलका लागि यो समूहका सदस्यहरूलाई एक ठाउँमा ल्याउन प्रयास गर्ने छौं । विद्यालय वर्ष 2021-2022 का लागि SCAC लाई पुन: एकत्रित गरिनेछ ।